# प्रदेश राजपत्र

प्रदेश नं. १, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड २) विराटनगर, नेपाल, असोज १५ गते, २०७६ साल (अतिरिक्ताङ्क ३१

## भाग २

प्रदेश सरकार

प्रदेश नं. १, विराटनगर, नेपाल

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

प्रदेश नं. १ को प्रदेश सरकारले बनाएको तल लेखिए बमोजिमको नियमावली सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

<u>मुख्यमन्त्री ग्रामीण सडक सुधार आयोजना (सञ्चालन) नियमावली, २०७६</u>

<u>प्रस्तावना</u>: प्रदेश नं. १, प्रदेश सरकारको नीति तथा कार्यक्रमलाई व्यवस्थित र योजनाबद्ध ढंगले अगाडि बढाई प्रदेश भित्रका ग्रामीण

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

सडकहरुको स्तरोन्नति गरी जनतालाई सहज आवागमन गर्न सहयोग पुऱ्याउने उद्देश्यले प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकार, मन्त्रिपरिषद्ले यो नियमावली स्वीकृत गरी लागू गरेकोछ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस नियमावलीको नाम "**मुख्यमन्त्री ग्रामीण सडक सुधार आयोजना (सञ्चालन) नियमावली, २०७६**" रहेकोछ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषाः</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमाः-

(क) **"कार्यक्रम"** भन्नाले यस नियमावली बमोजिम सञ्चालन हुने मुख्यमन्त्री ग्रामीण सडक सुधार आयोजना अन्तर्गत सञ्चालन गरिने सडक निर्माण, विस्तार वा स्तरोन्नति गर्ने योजना सम्झनु पर्छ ।

(ख) **"प्रदेश सरकार"** भन्नाले प्रदेश नं. १ को मन्त्रिपरिषद् सम्झनु पर्छ ।

(ग) **"मन्त्रालय"** भन्नाले प्रदेश नं. १, प्रदेश सरकारको सडक यातायातसँग सम्बन्धित मन्त्रालय सम्झनु पर्छ।

(घ) **"स्थानीय तह"** भन्नाले नेपालको संविधान बमोजिम गठन भएको स्थानीय तह सम्झनु पर्छ ।

(ङ) **"संघ संस्था"** भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई सञ्चालनमा रहेका सामुदायिक संस्था, सहकारी संस्था, उपभोक्ता संस्था, उपभोक्ता समिति, विकास समिति सम्झनु पर्छ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

३. **ग्रामीण सडक सुधार कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्थाः** (१) प्रदेश भित्रका पहिलो हुने निर्वाचित हुने प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र मध्ये झापा, मोरङ्ग र सुनसरी जिल्लामा प्रत्येक प्रदेश सभा निर्वाचन क्षेत्रमा कम्तीमा एउटा र अन्य जिल्लामा कम्तीमा दुईवटा मुख्यमन्त्री ग्रामिण सडक सुधार कार्यक्रम संचालन गरिनेछ ।

(२) उपनियम (१) बमोजिम कार्यक्रम संचालन गर्दा हिमाली क्षेत्र, पहाडी क्षेत्र र तराई क्षेत्रलाई वर्गिकृत गरी सोही आधारमा बजेट विनियोजनको अनुपात निर्धारण गरी कार्यक्रम संचालन गरिनेछ ।

(३) ग्रामीण सडक सुधारका कार्यक्रमका निमित्त सडक छनौट गर्दा देहायका सडकलाई प्राथमिकता दिईनेछः-

(क) मुख्य सहरी क्षेत्र भन्दा बाहिरका ट्र्याक खोली सकेका सडक,

(ख) परम्परादेखि चलनचल्तिमा रहेका ग्रामीण क्षेत्रका मुख्य सडक,

(ग) ग्रामीण क्षेत्रलाई गाँउपालिका/ नगरपालिकाको केन्द्र वा जिल्ला सदरमुकामसँग जोड्ने सडक,

(घ) एक स्थानीय तहबाट अर्को स्थानीय तहको केन्द्रसम्म पुग्ने वा जिल्लाको मुख्य केन्द्रबाट सोही जिल्लाको अर्को बजार क्षेत्रसम्म पुग्ने सडक,

(ङ) एक भन्दा बढी प्रदेश सभा निर्वाचन क्षेत्र जोडिने सडक,

आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. १

(च) उत्पादित कृषिजन्य बस्तुहरु बजारसम्म बिक्री गर्न सहज हुने सडक,

(छ) ग्रामीण भेगलाई मुख्य केन्द्रीय राजमार्ग वा सहायक राजमार्गसँग जोड्ने सडक,

(ज) पर्यटन, प्रवर्द्धन र विकासमा सहयोग पुग्ने ग्रामीण सडक,

(झ) कृषि क्षेत्रको प्रवर्द्धनमा सहयोग पुग्ने सडक,

(ञ) सबैभन्दा बढी लागत साझेदारी जुटन सक्ने सडक ।

४. <u>साझेदारीमा योजना संचालन गरिने</u>: (१) मुख्यमन्त्री ग्रामीण सडक सुधार कार्यक्रम साझेदारीमा संचालन गरिनेछ ।

(२) मुख्यमन्त्री ग्रामीण सडक सुधार कार्यक्रम संघीय सरकार, मन्त्रालय वा स्थानीय तह वा नियम २ को खण्ड (ङ) बमोजिमको संघ संस्थाबीचको साझेदारीमा संचालन गरिनेछ ।

(३) अन्तर्राष्ट्रिय दातृ समुदायको लागत साझेदारी तथा सहयोगमा समेत कार्यक्रम सञ्चालन गर्न सकिने छ ।

५. <u>योजना छनौट प्रकृया</u>: (१) स्थानीय तहबाट ग्रामीण सडक सुधार योजनाको छनौट गर्दा देहाय बमोजिम प्रकृया अपनाउनु पर्नेछः-

(क) प्रत्येक गाँउपालिका वा नगरपालिकाले नियम ३ को उपनियम (३) को खण्ड (क) देखि (झ) सम्मका बुँदाका आधारमा आफ्नो क्षेत्रभित्रका ग्रामीण सडकको स्तरोन्नति वा कालोपत्रे गर्नु

आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. १

पर्ने भए त्यस्ता सडक छनौट गरी तीन वटा सडकको विवरण प्रत्येक चालु आर्थिक वर्षको कार्तिक मसान्त भित्रमा मन्त्रालयमा पठाउनु पर्नेछ र त्यस्तो तीन वटा योजना छनौट गर्नु पूर्व स्थानीय तहले योजना सञ्चालन हुने क्षेत्रको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत निर्वाचित प्रदेश सभा सदस्यको राय तथा परामर्श अनिर्वाय रुपमा लिनु पर्नेछ ।

तर कुनै कारणले राय परामर्श प्राप्त नभएमा नहुनुको कारण र आधार समेत खुलाई मन्त्रालय पठाउनु पर्नेछ।

(ख) प्रत्येक गाँउपालिका वा नगरपालिकाले त्यस्तो स्तरोन्नति वा कालोपत्रे गर्नु पर्ने सडकमा सम्बन्धित गाँउपालिका वा नगरपालिकाले आफ्नो तर्फबाट न्यूनतम बीस प्रतिशत लागत साझेदारी गर्ने रकमसमेत अनिवार्यरुपमा उल्लेख गर्नु पर्नेछ ।

(ग) सडकको विवरण पठाउने गाँउपालिका वा नगरपालिकाले सो सडक सुधार वा स्तरोन्नति गर्दा प्राप्त हुने प्रतिफल र स्तरोन्नति वा निर्माणको अनुमानित



आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

लागत र आयोजना सम्पन्न हुने सम्भावित अवधि समेत खुलाउनु पर्नेछ।

(घ) सडकको विवरण पठाउने गाँउपालिका वा नगरपालिकाले स्तरोन्नति वा निर्माणको अनुमानित लागत मध्ये साझेदार स्थानीय तह, संघ संस्था वा मन्त्रालयले लगानी गर्ने रकम र प्रदेश सरकारले लगानी गर्ने रकम समेत खुलाई योजना छनौट गरी मन्त्रालयमा पठाउनु पर्नेछ ।

(२) संघ संस्थाले ग्रामीण सडक सुधार कार्यक्रममा देहायबमोजिम सहभागी हुन पाउने छन्ः-

(क) नियम २ को खण्ड (ङ) बमोजिमको संघसंस्थाले ग्रामीण सडक सुधार कार्यक्रममा साझेदारी जनाउन संस्थाको निर्णय समेत संलग्न गरी स्थानीय तह वा मन्त्रालय को सँग साझेदारी गर्ने हो सोही कार्यालय वा मन्त्रालय समक्ष चालु आर्थिक वर्षको कार्तिक मसान्तभित्र आवेदन दिनुपर्नेछ ।

(ख) खण्ड (क) बमोजिमको आवेदन दिंदा, संस्थाको नवीकरणको प्रतिलिपि, लेखापरीक्षण प्रतिवेदन र लगानी गर्न सकिने अनुमानित रकम र योजनामा

साझेदारी गर्न ईच्छा गर्नुको कारण र उद्देश्य खोली सम्बन्धित स्थानीय तहको सिफारिस समेत संलग्न राखि पठाउनु पर्नेछ।

(३) प्रदेश सरकारबाट वजेट व्यवस्था भई विस्तृत अध्ययन प्रतिवेदन तयार भएका र साझेदारी रकमको सुनिश्चितता भएका आयोजनालाई प्राथमिकता दिनु पर्नेछ ।

६. <u>समिति सम्बन्धी व्यवस्थाः</u> (१) नियम ३, ४ र ५ बमोजिम छनौट भई आएका सडकहरुको निर्माण र स्तरोन्नती कार्यक्रम छनौट गर्न र यस नियमावली बमोजिम अन्य कार्य गर्न देहाय बमोजिमको एक समिति रहनेछ र त्यस्तो समितिले सम्बन्धित विभागीय मन्त्रीसंगको परामर्श र निर्देशनमा रही आफ्नो कार्य सम्पादन गर्नेछः-

(क) सचिव, प्रदेश सरकारको सडक तथा यातायातसँग सम्बन्धित मन्त्रालय -संयोजक

(ख) निर्देशक, यातायात तथा सडक निर्देशनालय -सदस्य

(ग) उपसचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालय -सदस्य

(घ) उपसचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(ङ) मन्त्रालयको सडक हेर्ने माहाशाखा प्रमुख -सदस्य सचिव

(२) उपनियम (१) बमोजिमको समितिले यस नियमावली बमोजिम भएका कार्यक्रम मध्ये प्रत्येक वर्षको मंसिर मसान्तभित्र कार्यक्रम छनौट एवं स्वीकृत गरी सम्बन्धित स्थानीय तह वा संघ संस्थालाई आवश्यक शर्तहरु समेत उल्लेख गरी जानकारी गराउनु पर्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. १

(३) उपनियम (२) बमोजिम जानकारी पाएको एक्काईस दिनभित्र सम्बन्धित स्थानीय तह वा संघ संस्थाले मन्त्रालयमा कार्यक्रम सञ्चालन गर्न सहमत रहेको जानकारी पठाउनु पर्नेछ।

(४) उपनियम (३) बमोजिमको सहमति प्राप्त भएपछि मन्त्रालयले प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयमा लेखी पठाउनुपर्नेछ र आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रत्येक कार्यक्रमको लागि उपलब्ध गराउने रकम सम्बन्धित मन्त्रालयलाई दुई किस्तामा पठाउनु पर्नेछ ।

(५) मन्त्रालयले कार्यक्रमको रकम प्राप्त भएपछि प्रत्येक वर्षको लागि तीन किस्तामा रकम विभाजन गरी योजना संचालन गर्न पहिलो किस्ता माघ महिनाभित्र उपलब्ध गराउनेछ।

(६) उपनियम (१) बमोजिमको समितिले छनौट गरेका तर विस्तृत अध्ययन प्रतिवेदन तयार नभएका आयोजनाको हकमा विस्तृत अध्ययन प्रतिवेदन तयार गर्नुपर्ने छ।

(७) यस नियमावली वमोजिम छनौटमा परेका आयोजनाहरुको लागि वार्षिक रुपमा स्रोतको सुनिश्चितता गर्नुपर्ने छ ।

७. <u>बैंक खाता संचालन सम्बन्धीः</u> (१) नियम ६ को उपनियम (४) बमोजिम आर्थिक मामिला तथा योजना मन्त्रालयबाट प्राप्त हुने अनुदानको रकमलाई मन्त्रालयले एक छुट्टै बैंक खाता खोली उक्त खातामा त्यस्तो रकम जम्मा गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिमको खातामा सम्बन्धित स्थानीय तहले कार्यक्रम वापत जम्मा गर्नुपर्ने कूल रकमको बीस प्रतिशत रकम समेत जम्मा गर्नुपर्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. १

८. <u>ग्रामीण सडक सुधार कार्यक्रम स्वीकृत गर्ने प्रकृयाः</u> (१) ग्रामीण सडक सुधारको लागि नियम ६ बमोजिमको समितिले देहाय बमोजिम छनौट गर्नेछः-

(क) गाँउपालिका वा नगरपालिकाबाट छनौट भई सिफारिस भई आएको वा संघ संस्थाले माग गरेका वा मन्त्रालयले छनौट गरेको सडकहरु मध्ये सबै भन्दा उपयुक्त र सबै भन्दा बढी प्रतिफल दिने सडकको छनौट गर्नु पर्नेछ ।

(ख) गाँउपालिका वा नगरपालिका वा अन्य संघ संस्था मध्ये बढी लागत सहभागिता जनाउने सडकलाई प्राथमिकता दिनु पर्नेछ।

(ग) कार्यक्रम एक वर्षीय वा बहुवर्षीय दुवै हुनेछ ।

(२) यस नियमावली बमोजिम कार्यान्वयन गरिने बहुवर्षिय आयोजनाको हकमा प्रदेश सरकारले प्रत्येक वर्षको लागि वार्षिक बजेटमा रकम सुनिश्चित गरी कार्यान्वयन गर्नेछ।

९. <u>प्रदेश सरकार आफैले कार्यक्रम छनौट गर्न सक्नेः</u> (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि एक वा सो भन्दा बढी स्थानीय तहको क्षेत्रमा सञ्चालन गर्ने, गरिने कार्यक्रम प्रदेश सरकार आफैले योजना छनौट गरी सम्बन्धित स्थानीय तह वा अन्य संस्थाको साझेदारी एकिन गरी कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(२) उपनियम (१) बमोजिम योजना छनौट गरी कार्यक्रम सञ्चालन गर्ने सम्बन्धी अन्य प्रकृया नियम ६ बमोजिमको समितिको निर्णय अनुसार हुनेछ ।

१०. <u>योजना सञ्चालन सम्बन्धी अन्य व्यवस्थाः</u> यस नियमावली बमोजिमका योजना सञ्चालन देहायबमोजिम हुनेछः-

(क) नियम ६ को उपनियम (५) बमोजिम पहिलो किस्ता रकम प्राप्त भएपछि उपभोक्ता समितिमार्फत कार्यक्रम सञ्चालन गर्ने भए प्रचलित कानून बमोजिम तीस दिनभित्र उपभोक्ता समिति गठन गरी लागत इस्टिमेट तयार गरी उपभोक्ता समितिसँग सम्झौता गर्नुपर्नेछ र ठेक्का बन्दोबस्त गर्नु पर्ने भएमा सोको जानकारी भएको मितिले तीस दिन भित्र ठेक्काको सूचना प्रकाशित गरी प्रचलित कानून बमोजिम ठेकेदारसँग सम्झौता गर्नुपर्नेछ।

(ख) खण्ड (क) बमोजिमको कार्य पूरा गरी कार्यक्रमको पच्चिस प्रतिशत काम सम्पन्न भएपछि दोश्रो किस्ता रकम सम्बन्धित कार्यालयले मन्त्रालयसँग माग गर्नु पर्नेछ र मन्त्रालयले आवश्यक जाँचबुझ गरी दोस्रो किस्ताको रकम सम्बन्धित मन्त्रालयलाई उपलब्ध गराउनेछ ।

(ग) तोकिएको समयमा कार्यक्रम सम्पन्न भएपछि कार्यक्रमको सम्पूर्ण कामको मूल्याङ्कन गरी स्थानीय अनुगमन समितिको प्रतिवेदन र जाँचपास समितिको निर्णय सहित सम्बन्धित कार्यालयले मन्त्रालयमा अन्तिम किस्ता रकम माग गर्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. १

(घ) खण्ड (ग) बमोजिम प्राप्त निर्णय र प्रतिवेदनको अध्ययन गरी तथा आवश्यकता अनुसार मन्त्रालय वा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट अनुगमन समेत गरी प्राप्त प्रतिवेदनको आधारमा मन्त्रालयले अन्तिम किस्ताको रकम भुक्तानी गर्नेछ ।

(ङ) खण्ड (क) देखि (घ) सम्म जुनसुकै कुरा लेखिएको भएतापनि नियम ९ बमोजिम संचालन गरिने योजनाको स्वीकृत सम्झौता वा कार्यक्रम संचालन भुक्तानी फरफारक सम्बन्धी व्यवस्था मन्त्रालयले स्वीकृत गरेको मापदण्ड बमोजिम हुनेछ।

(च) कार्यक्रम सञ्चालन भइरहेको स्थानको अनुगमन गरी आवश्यक निर्देशन दिन र कुनै समस्या वा अनियमितता भेटिए तत्काल कार्यक्रम सञ्चालनमा रोक लगाउन वा प्रचलित कानूनबमोजिम कारवाही गर्न नियम ६ बमोजिमको समिति तथा प्रदेश सरकारद्वारा गठित अधिकार सम्पन्न अनुगमन समितिले मन्त्रालय समक्ष सिफारिश गर्न सक्नेछ ।

११. <u>अनुगमन सम्बन्धी अन्य व्यवस्थाः</u> (१) यस नियमावली बमोजिम सञ्चालन हुने योजना कार्यक्रमको अवस्था, गुणस्तर आदिको सम्बन्धमा सम्बन्धित क्षेत्रका प्रदेश सभाका सदस्यले अनुगमन गरी सोको प्रतिवेदन मन्त्रालयमा पठाउनु पर्नेछ ।

(२) उपनियम (१) मा लेखिएदेखि बाहेक मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको साथै प्रदेश सरकारद्वारा गठन

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

हुने अधिकार सम्पन्न अनुगमन समितिले समेत अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ ।

१२. <u>निर्देशन जारी गर्न सक्ने</u>: यस नियमावलीको कार्यान्वयनको लागि मन्त्रालयले आवश्यक मापदण्ड स्वीकृत गरी लागू गर्न आवश्यक निर्देशन जारी गर्न सक्नेछ ।

१३. <u>कार्यक्रम सञ्चालन सम्बन्धी अन्य व्यवस्था</u>: (१) कार्यक्रम सञ्चालन गर्दा यस नियमावलीमा उल्लेख भएका विषयमा यसै नियमावली बमोजिम र यस नियमावलीमा उल्लेख नभएका विषयमा प्रचलित कानून र मन्त्रालयको निर्णय बमोजिम हुनेछ।

१४. <u>खारेजी र बचाउ</u> : (१) यो नियमावली प्रारम्भ भए पछि मुख्यमन्त्री ग्रामिण सडक सुधार आयोजना (संचालन) कार्यविधि, २०७५ स्वतः खारेज हुनेछ ।

(२) यो नियमावली प्रारम्भ हुनुभन्दा अघि कार्यान्वयन रहेको मुख्य मन्त्री ग्रामिण सडक सुधार आयोजना (संचालन) कार्यविधि, २०७५ बमोजिम भए गरेका काम यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

स्वीकृत मिति : २०७६/०६/१५

आज्ञाले,
भरतमणि रिजाल
प्रदेश सचिव
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं. १



प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १, विराटनगरमा मुद्रित।
website:- moial.p1.gov.np

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १